**२०७७ साल कार्तिक २३ गते आईतवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७५ लाई संशोधन गर्न बनेको कार्यविधि स्वीकृत गर्ने ।

२. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** मिलेनियम च्यालेन्ज कर्पोरेसन (MCC)सम्बन्धी संझौता (Compact) बमोजिम विधुत प्रसारण लाईन विस्तार तथा सबस्टेशन निर्माण गर्नको लागि आवश्यक पर्ने जग्गाहरुमध्ये लुम्बिनी प्रदेशका दुई वटा जिल्लाहरु पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा पर्ने जग्गाहरु प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुरहरु प्रदेश आर्थिक ऐन,२०७७को दफा ११ बमोजिम छुट दिने ।

३. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** घरेलु तथा साना उद्योग कार्यालय पाल्पाले व्यवसायिक प्रयोजनका लागि भाडामा लगाएको १४ वटा सटरहरुको २०७६ साल चैत्र महिनाको भाडा छुट दिने ।